# कुमाख गाउँपालिका कर्मचारी छनौट कार्यविधि, २०७४

( मिति २०७४।०९।२९ मा कुमाख गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृतले मिति २०७४।१०।०२ मा प्रमाणीकरण गरी लागु गरिएको )

प्रस्तावनाः

कुमाख गाउँपालिकामा करार सेवामा कर्मचारी पदपूर्ति गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२(२) बमोजिम कुमाख गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

परिच्छेद १ प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम 'कुमाख गाउँपालिका कर्मचारी छनौट कार्यविधि' , २०७४ हुने छ ।

ख) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) "कार्यविधि" भन्नाले कुमाख गाउँपालिका कर्मचारी छनौट कार्यविधि, २०७४ हुने छ ।

ख) "सदस्य" भन्नाले पदपुर्ति छनौट समितिका अध्यक्ष र विज्ञ समेतलाई बुझाउँछ ।

ग) "पाठ्यक्रम" भन्नाले गाउँपालिकाले विज्ञापन गरेका विषयहरुको पाठ्यक्रम भन्ने बुझिन्छ ।

घ)" प्रश्नपत्र" भन्नाले गाँउपालिकाले विज्ञापन गरेका विषयहरुको लिखित तथा प्रयोगात्मक प्रश्न समेतलाई जनाउँछ ।

ङ) " अन्तवार्ताकार" भन्नाले परीक्षार्थीको अन्तवार्ता लिन आमन्त्रण गरिएको व्यक्तिलाई जनाउँछ ।

**परिच्छेद २ परीक्षा संचालन सम्बन्धी व्यवस्था**

४) गाउँपालिकाको पदपुर्ति छनौट समितिको गठन गाउँ कार्यपालिका निर्णय गरे बमोजिम हुनेछ ।

५) विज्ञापन गरिएको विषयको पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

६) पदपूर्तिको विज्ञापन राष्टिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्ने छ ।

७) विज्ञापन गरिएको विषयको प्रश्नपत्रको ढाँचा ,पुर्णाङ्क, उत्तीर्णाङ्क लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ ।

८) खुला तथा समावेशी तर्फ कोटा निर्धारण र परीक्षार्थीको मुल्याङकनको आधार निर्धारण पदपुर्ति तथा छनौट समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

९) पदपुर्ति सम्बन्धी गरेका हरेक कामकारवाही गोप्य राख्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

१०) पदपुर्ति समितिको सचिवालय पदपुर्ति छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

११) परीक्षा संचालन कार्यविधि पदपुर्ति छनोट समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद २ आर्थिक व्यवस्थापन सम्बन्धमा

१२) पदपुर्तिको कार्यमा संलग्न कर्मचारी, छनौट समितिका सदस्यलाई भुक्तानी गरिने भत्ता तपसिल बमोजिम निर्धारण गरिएको छ ।

| | |
|---|---|
| क)प्रति विषय प्रश्नपत्र निर्माण गरेवापत भत्ता - | रु २००० |
| ख) प्रति उत्तरपुस्तिका जाँच गरेवापत भत्ता - | रु १०० |
| ग) ५ जना सम्म परीक्षार्थीको अन्तवार्ता लिएवापत प्रति अन्तवार्ताकारलाई भत्ता - | रु १५०० |
| १० जना सम्म परीक्षार्थीको अन्तवार्ता लिएवापत प्रति अन्तवार्ताकारलाई भत्ता | रु २५०० |
| १५ जना सम्म परीक्षार्थीको अन्तवार्ता लिएवापत प्रति अन्तवार्ताकारलाई भत्ता | रु ४००० |
| १५ जना भन्दा बढी परीक्षार्थीलाई अन्तवार्ता लिएवापत प्रति अन्तवार्ताकारलाई भत्त | रु ५००० |
| घ) पदपुर्ति तथा छनौट समितिको प्रति बैठक भत्ता - | रु १५०० |
| ङ) परीक्षा हलमा खटिए वापत प्रति दिन सुपरीवेक्षक तथा निरीक्षक भत्ता | रु १५०० |
| च) परीक्षा अवधिमा कम्प्युटर टाइपिङ गरेवापत प्रति दिन कर्मचारी भत्ता | रु १५०० |
| ज) परीक्षामा खटिइएका कार्यालय सहयोगीलाई प्रति दिन भत्ता | रु १००० |
| झ) परीक्षामा खटिएका सुरक्षाकर्मीलाई प्रति दिन प्रति व्यक्ति भत्ता | रु १००० |

१३) परीक्षा संचालनको लागि आवश्यक स्टेशनरी सामाग्री,ढुवानी र खाजा खर्च विल बमोजिम भुक्तानी गरिनेछ ।